| | | |
|---|---|---|
| ४. | चादमरूवा, भृंगराज, नगरमोथि, ब्राम्ही, कटको, कालादाना, चितो, अकरकरा, पुदिना, कचनार र सत्यानासी | ४।३८ |
| ५. | लोहान | ४।०८ |
| ६. | दुरियामसी | ३।६५ |
| ७. | द्रोणपुस्पी, कराजचुल्ठी, पाहा, राजवृक्ष, भोजपत्र र अमलवेद | २।६२ |
| ८. | अनन्तमूल | २।१८ |
| ९. | कुरिलो र कुरिलाको जरा, सिकौंली, पिरामिडालिफ, चावो, वासक, अडुस, अर्जुन, कन्ठकारी | १।४६ |
| १०. | मुसली, मसली र कुकुरभरूल | १।७४ |
| ११. | चुम्पावती र गुरूजो | १।१५ |
| १२. | मुजासेठा, रसुल्ला, टायरी, सजिवनको गेडा, (बिजली) साँखदुर्लभ, हालिक, रिषिमर्क, अम्पी, च्याउ, दारू, छतिवन, तालिसपत्र | –।७२ |

आज्ञाले,

डा. पुरुषोत्तमनारायण सुवाल

श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपालमा तयार पारिएका तयारी पोशाक तथा कपडाबाट बनेका सामान निर्यात गर्न आर्थिक सेवा केन्द्रबाट भिसा चाहिने पोशाक वा वस्तुको लागि भिसा र भिसा नचाहिने पोशाक वा वस्तुको लागि अनुमती पत्र लिई निकासी गर्न पाउने र वाणिज्य विभागबाट निकासी इजाजतपत्र लिनु नपर्ने गरी निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

खण्ड ३९, संख्या ४६ मिति २०४६।११।२२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यससम्बन्धी सूचना खारेज गरिएको छ।

आज्ञाले,

हरिमोहनप्रसाद श्रेष्ठ

श्री ५ को सरकारको का.मु.सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।